## मिति २०७५/०९/१८ गते वसेको जिल्ला अनुगमन तथा समन्वय समितिको बैठकको निर्णयहरुः

१. प्रदेश सरकार, मन्त्रिपरिषद्‌बाट मिति २०७५/०७/३० मा स्वीकृत भएको **नदीजन्य पदार्थ (संकलन र उपयोग) कार्यविधि, २०७५** बैठकमा अवगत भयो ।

२. गत विगतका आ.व.हरुमा जिल्ला समन्वय समितिले जिल्ला परिषद्को निर्णय र प्राकृतिक स्रोतको जिल्ला अनुगमन समितिको निर्णय वमोजिम अवैध रुपमा हुने निर्माण सामग्रीहरु (ढुंगा, गिट्टी, वालुवा) को ओसारपसार कार्यलाई प्रहरी इकाई मार्फत नियन्त्रणमा लिई दण्ड जरिवाना गर्ने गरिएको र सो कार्यमा खटिने सुरक्षाकर्मीहरुलाई प्रोत्साहन स्वरुप उक्त दण्ड जरिवानाको (साविकमा २५ प्रतिशत र हाल ४० प्रतिशत सम्म) रकम उपलव्ध गराउने व्यवस्था रहेको र यस्तो व्यवस्थाले अवैध रुपमा हुने निर्माण सामग्रीको उत्खनन, संकलन र ओसार नियन्त्रण गर्ने कार्यमा उल्लेखनीय सफलता मिलेको हुँदा यस्तो व्यवस्थालाई आगामी दिनमा समेत यथावत कायम राख्न आवश्यक देखिएको ।

प्रदेश सरकार, मन्त्रिपरिषद्‌बाट मिति २०७५/०७/३० मा स्वीकृत भएको **नदीजन्य पदार्थ (संकलन र उपयोग) कार्यविधि, २०७५** मा उल्लेख गरिएका मापदण्ड र व्यवस्थाले निर्माण सामग्रीहरुको उत्खनन, संकलन र उपयोगको विधिलाई व्यवस्थित र सरल वनाई निर्माण कार्यलाई सहज वनाउने र अनुगमन तथा मूल्यांकन सम्वन्धी कार्यलाई अझ प्रभावकारी वनाउन कार्यविधिमा उल्लेख भएका अनुगमन र मूल्यांकन सम्वन्धी विषयका अतिरिक्त अवैध रुपमा हुने उत्खनन, संकलन र ओसारपसारलाई नियन्त्रण गर्न सुरक्षाकर्मीहरु परिचालन गर्नुपर्ने र यसरी सुरक्षाकर्मी परिचालन गर्दा प्रोत्साहन स्वरुप साविक वमोजिम नै तोकिएको दण्ड जरिवाना वापतको रकमको निश्चित प्रतिशत (साविकमा २५ देखि ४० प्रतिशतसम्म उपलव्ध गराउने गरिएको) को दर निर्धारण गरी पुरस्कार स्वरुप उपलव्ध गराउने व्यवस्थाको लागि कार्यविधिमा संशोधन गरी राख्ने व्यवस्था हुन वा अव वन्ने कानूनमा उल्लेखित व्यवस्थाको समावेश हुन प्रदेश सरकार, उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय, प्रदेश नं. ३ मा अनुरोध गरी पठाउने निर्णय गरियो ।

३. नेपाल सरकार, मन्त्रीपरिषद्को मिति २०७५/६/२८ को निर्णयानुसार स्वीकृत नदीजन्य तथा ढुंगा, गिट्टी र वालुवा खानीजन्य पदार्थको उत्खनन, संकलन र विक्री सम्वन्धी प्रक्रियाको अनुगमन गर्न अनुगमन तथा समन्वय समितिको कार्यादेशको वुँदा नं. ७ वमोजिम तयार भएको **नदी तथा खानीजन्य निर्माण सामग्रीको उत्खनन, संकलन र व्यवस्थापनको अनुगमन सम्वन्धी कार्यविधि- २०७५** स्वीकृत गरी लागु गर्ने निर्णय गरियो ।

४. जिल्ला भित्रका विभिन्न स्थानीय तहहरुले चालु आ.व. को लागि गरेको ठेक्का बन्दोवस्त र खानी तथा वासिङ्ग उद्योगहरुको संचालनको अवस्था बारेमा सम्बन्धित नगरपालिकाहरुबाट प्राप्त भै जि.स.स.वाट तयार भएको एकिकृत विवरण बैठकमा पेश भै जानकारी भयो । विवरण प्राप्त हुन बांकी न.पा.हरुबाट पनि पुनः विवरण माग गरी अद्यावधिक गर्ने निर्णय गरियो ।

५. जिल्ला भित्रका विभिन्न नगरपालिका क्षेत्रमा रहेका वासिङ्ग तथा खानी उद्योगहरुको हालको संचालनको अवस्था, उत्खनन, प्रशोधन, ढुवानी र बिकी वितरण समेतको अवस्थाको बारेमा स्थलगत अनुगमन गर्न जिल्ला अनुगमन समितिका पदाधिकारीहरु तथा कार्यदलबाट देहायको मितिमा स्थलगत अनुगमन गर्न जाने निर्णय गरियो । उक्त अनुगमन कार्यमा सम्बन्धित नगरपालिकाका नगर प्रमुख र प्रमुख प्रशासकिय अधिकृतलाई समेत आमन्त्रण गर्ने निर्णय गरियो ।

### अनुगमन तालिका

| मिति | स्थान | समय |
|---|---|---|
| २०७५/०९/२३ | तारकेश्वर क्षेत्र | विहान ८.०० वजे |
| २०७५/०९/२५ | शंखरापुर क्षेत्र | |
| २०७५/०९/२६ | दक्षिणकाली क्षेत्र | |